# सार्वजनिक यातायातमा यौन हिंसा विरुद्ध अभियान

**सार्वजनिक यातायातमा यौन हिंसा विरुद्ध अभियान भनेको के हो ?**

यौन हिंसा भनेको के हो र कस्ता व्यवहारहरू यौन हिंसामा पर्छन् भन्ने बारेमा सबैलाई जागरूक बनाउँदै हाम्रो सार्वजनिक यातायातलाई यौन हिंसारहित बनाउने उद्देश्यले यो अभियान शुरू गरिएको हो। यस वर्षको महिला हिंसा विरुद्धको १६ दिने अभियानको मौका पारी यसलाई थालनी गरिएको र सहभागिता बट्लदै यो निरन्तर चल्नेछ भन्ने अपेक्षा छ। हाम्रो मुलुकमा बस यातायात शुरू भएको धेरै वर्ष अघिदेखि यस्तो खालको यौन हिंसा शुरू भएको हो। धेरै संघ-संस्था तथा उत्पीडन खपेका महिलाले आ-आफ्नो तरिकाले समस्या सामना गरेका छन् भने वर्तमान अभियान संगठित र निरन्तर तरिकाले चलाउने हाम्रो विचार हो।

**सार्वजनिक यातायातमा यो अभियान किन ?**



धेरैजसो सार्वजनिक यातायातमा यौन हिंसा भएको पाइन्छ- बस, माइक्रो र टेम्पोमा भीडभाडको फाइदा उठाएर पीडकले विभिन्न किसिमले महिलालाई सताउँछन्। विश्व बैंकले सार्वजनिक यातायातको प्रयोग गर्ने १९ देखि ३५ वर्षका महिलाहरूका बीचमा सन् २०१३ मा गरेको अध्ययन अनुसार, अध्ययनमा सरिक भएकामध्ये झण्डै आधाले सार्वजनिक यातायातमा अरूले जथाभावी छोएको अनुभव गरेका थिए।

हिजोआज नेपाली महिलाहरूको सार्वजनिक स्थलमा निस्कने क्रम बढेको छ। जागिर, पढाइ तथा अन्य कामका लागि विभिन्न ठाउँमा पुग्नुपर्ने महिला र किशोरीहरूले मूलतः सार्वजनिक यातायातकै बढी प्रयोग गरेका हुन्छन्। सार्वजनिक यातायातको भीडभाडमा यौन उत्पीडकहरूले मौका छोप्ने गरेको पाइन्छ, त्यसैले यौन हिंसाका विभिन्न रूप र प्रकारहरूका बारेमा जानकारी दिन, बसमा महिला माथि हुने

दुर्व्यवहार पनि 'यौन हिंसा' हो भनी बुझाउन, यस्तो हिंसा दण्डनीय छ भन्ने कुरा सबैलाई सम्झाउन र कसैमाथि यौन हिंसा भएको देख्दा वा आफैंमाथि यौन हिंसा हुँदा के गर्नुपर्छ भन्ने कुरामा जागरूकता बढाउन सार्वजनिक यातायातकेन्द्रित यो अभियान शुरू गरिएको हो।

**सार्वजनिक यातायातमा यौन हिंसा भैरहेको देख्दा के गर्ने ?**

- नदेखेको जस्तो वा बेवास्ता नगर्ने। तुरुन्तै हस्तक्षेप गर्ने। यौन हिंसा भइरहेको देख्दा पनि नबोल्नु भनेको पीडकलाई हौसला दिनु हो।
- यौन हिंसामा हस्तक्षेप गर्नु भनेको आवाज उठाउनु हो। ठूलो स्वरमा आफूले पीडकको गतिविधि देखेको छु भनेर थाहा दिने, र अरू यात्रुलाई पनि थाहा दिएर पीडक विरुद्ध एकजुट हुने।
- यातना खपेकी महिलालाई उनी एक्लै छैनन् भनेर हौसला दिने।
- बसको सहचालकको ध्यान आकर्षित गर्नुहोस्।
- लैंगिक हिंसा हटलाइन ११४५ मा फोन र सम्भव भएमा प्रहरीलाई खबर गर्ने।

**सार्वजनिक यातायातमा आफूमाथि यौन हिंसा भएमा के गर्ने ?**

- चुप लागेर सहने हुँदै होइन, पीडकको सामना गर्नुहोस्। किनभने यौन हिंसा सहनु भनेको पीडकलाई अझ हौसला दिनु हो।
- कराएर प्रतिकार गर्नुहोस् र त्यहाँ भएका अरू यात्रुहरूको सहयोग लिनुहोस्।
- सहचालकलाई बोलाएर भन्नुहोस्।
- लैंगिक हिंसा हटलाइन ११४५ मा फोन र सम्भव भएमा प्रहरीलाई खबर गर्नुहोस्।

**यस्तै अभियान आफ्नो ठाउँमा सञ्चालन गर्न चाहनुहुन्छ भने के गर्ने ?**

हाम्रो सार्वजनिक यातायातलाई यौन हिंसा मुक्त पार्ने जिम्मेवारी हामी सबैको हो। यसमा हामी सबै एकजुट भएर लाग्ने हाम्रो प्रतिबद्धता पनि हो। देशका विभिन्न शहरबजारमा यस्तो अभियान स्थानीय संस्था र जुझारु नागरिकले स्वस्फूर्त अगाडि बढाउन सक्ने कुरा हो। त्यसैले आफ्नो अभियानका लागि केही सुझाव वा सहयोग चाहिएमा हामीसित सम्पर्क गर्नुहोलाः **०१-५५५२१४१**

#ढुक्कैयात्रा

ZONTA CLUB OF KATHMANDU

साझा यातायात सहकारी

ट्राफिक प्रहरी

sabah Nepal